मिति २०७७।०६।०६ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलालगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३७ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू**

सल्लाहकार(DCCMC) - प्रमुख श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिवप्रसाद पौडेल, वीरदल गण सूर्यविनायक ब्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरीक्षक श्री उद्धवबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

**आमन्त्रित**

१. प्रा.डा. श्री प्रेम ज्ञवाली- शहिद धर्म भक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
२. डा. ऋषिकेशनारायण श्रेष्ठ, भक्तपुर क्यान्सर अस्पताल
३. निश्ठा बल्ल, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कार्यालय, भक्तपुर

**छलफलका विषयहरु**

१. होल्डिङ्ग एरिया सम्बन्धमा।
२. आइसोलेशन व्यवस्थापन सम्बन्धमा
३. विविध।

**निर्णय**

१. विदेशबाट फर्कने नागरिकहरूलाई केहि समय होल्ड गरी राख्नको लागि यस जिल्लामा तयार गरिएका दुई वटा होल्डिङ्ग सेन्टरहरू मध्ये हेरिटेज पार्टी प्यालेस श्रावण मसान्तसम्म र ईम्पेरियल ब्याङवेट भाद्र मसान्तसम्म संचालन गरी उक्त होल्डिङ्ग सेन्टरहरू बन्द भएको बिधिवत जानकारी गराउने। साथै यस्तो विषम परिस्थितिमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको अनुरोधलाई निशर्त स्वीकार गरी आफ्नो व्यवसाय होल्डिङ्ग एरियाको रुपमा प्रयोग गर्न दिनु हुने दुबै सञ्चालकहरूलाई पत्रसहित धन्यबाद ज्ञापन गर्ने।
२. भक्तपुर जिल्लामा रहेका आइसोलेशन सेन्टरहरूको नियमित अनुगमन, सूचना सम्प्रेषण र आवश्यक समन्वय गरी कोभिड-१९ रोकथाम नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

३. भक्तपुर नगरपालिकाले वडा नं. ९ ब्रम्हायणी स्थित बहुउद्देश्यीय भवनमा क्वारेन्टाइन/आइसोलेसन केन्द्र संचालन गर्न आवश्यक १००(एक सय) बेडसहित सम्पूर्ण सामग्री तथा हाइजिन किट सेटहरू उपलब्ध गराउन निबेदन भएबमोजिम गृह मन्त्रालय मार्फत श्री शहरी विकास तथा भवन निर्माण विभागमा सिफारिस गरिएको व्यहोरा नगरपालिकालाई जानकारी गराउने ।

४. जनकपुर ईन्जिनियरिङ्ग कलेज चाँगुनारायणको च.नं. ०१७/०७७/७८ मिति २०७७।०६।०४ को पत्र अनुसार ताथलीमा रहेको भवन अनलाईन कक्षा र प्रयोगात्मक कक्षा सञ्चालन गर्न परेको भनी भवन उपलब्ध गराउन नसक्ने व्यहोराको पत्र प्राप्त भएकोले सोही व्यहोरा गृह मन्त्रालय मार्फत कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC, छाउनीलाई जानकारी गराउने ।

५. जिल्लामा आइसोलेसनमा रहेका कोभिड-१९ का संक्रमित र दैनिक रुपमा चेक जाँच भई निक्यौंल भएका बिरामीहरू, सञ्चो भएकाहरूको नगर, वडा खुल्ने गरी एकीकृत सूचना जिल्ला खेलकुद विकास समितिको भवनमा रहेको Covid-19 Information Desk मार्फत दैनिक जानकारी गराउने ।

६. राष्ट्र सेवाको कार्यमा अग्र भागमा रहेर कार्य गर्ने राष्ट्र सेवक, स्वास्थ्य तथा सुरक्षा निकायका कर्मचारीहरूलाई कोभिड-१९ संक्रमणबाट जोगाई सेवा प्रवाह गर्न सम्पूर्ण सुरक्षाका उपायहरू अवलम्बन गर्ने ।

७. यस वर्ष संविधान दिवसको उपलक्ष्यमा सम्माननीय राष्टपतिज्यूबाट प्रदान गरिने मान पदवी, अलंकार र पदक भक्तपुर जिल्लामा रही कार्य गरे बापत प्राप्त गर्नु हुने राष्ट्रसेवक कर्मचारी तथा स्वयम सेवकहरूलाई जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको तर्फबाट बधाई ज्ञापन गर्ने ।